बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर नुवाकोट
वागमती प्रदेश, नेपाल

मिति : २०७७/०४/३२

**सूचना !** **सूचना !!** **सूचना !!!**

श्री सम्पूर्ण नगरबासीहरु,

यस नगरपालिका वडा नं. ९ स्थित बेलकोटगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय आसपास सिरानटोल भन्ने स्थानका एक व्यक्तिको स्वास्थ्यमा समस्या आइ मिति २०७७/०४/१९ गते उपचारको लागि लागिएको र शिक्षण अस्पताल, महाराजगन्जमा उपचारको क्रममा कोरोना संक्रमण पुष्टि भए पश्चात मिति २०७७/०४/२९ गते कोरोना संक्रमणको जोखिमबाट सम्भावित निज संक्रमित व्यक्तिको परिवार, केहि स्थानीयवासी, नगर कार्यपालिकाका कर्मचारी लगायतका व्यक्तिहरुको कन्ट्याक्ट ट्रेसीङको आधारमा जम्मा ४० जनाको स्वाब संकलन गरी PCR नतिजाको लागि कार्य अगाडी बढाइएको सन्दर्भमा श्री राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु, काठमाडौँबाट प्राप्त Covid – 19 Lab रिपोर्ट अनुसार ४० जना सबैको PCR नतिजा Negative आएको व्यहोरा जानकारीको लागि अनुरोध छ। साथै वडा नं. ७ - रातमाटे स्थित नगरपालिकाले स्थापना गरेको Quarantine मा रहेका ३ जनाको मिति २०७७/०४/३० गते लिइएको स्वाबको नतिजा समेत उक्त प्रयोगशालाबाट Negative आएको व्यहोरा जानकारी गराइन्छ । हालसम्म संयमताका साथ सुरक्षित रही नगरपालिकालाई संक्रमण मुक्त गराउन सहयोग गर्नुहुने सम्पूर्णमा धन्यवाद सहित आगामी दिनहरुमा पनि कोरोना भाइरस - कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार र स्थानीय प्रशासनबाट विभिन्न मितिमा जारी गरिएको निषेधाज्ञा, स्वास्थ्य संस्थाको प्रोटोकल र यस नगरपालिकाबाट विभिन्न मितिमा जारी गरिएको सूचना र विज्ञप्तिहरुको अनिवार्य रुपमा पालना गरी नगरपालिकालाई संक्रमण मुक्त गराउनुहुन अनुरोध गर्दछु ।

धन्यवाद !

(राजेन्द्र रमण खनाल)
नगर प्रमुख

**राजेन्द्र रमण खनाल**
**प्रमुख**

बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
वागमती प्रदेश, नेपाल
२०७३